नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चरिकोट, दोलखा

फोन ०४९-४२११३३
०४९-४२११०४
फ्याक्स नं ०४९-४२१०१८
इमेल:dolakhadao@gmail.com

पत्र संख्या : ०८२।८४
चलानी नं. : ४४३

मिति: २०८३/०७/१०

**विषय : – अत्यन्त जरुरी सूचना : उच्च सतर्कताका लागि अनुरोध ।**

नेपाल मौसम विज्ञान विभागबाट हिजो जारी मनसुन सम्बन्धी विशेष बुलेटिन अनुसार बंगालको खाडीमा रहेको अर्नव चक्रवात थप शक्तिशाली बन्दै गएको र यो अति शक्तिशाली हुने सम्भावना रहेको । उक्त चक्रवात आगामी कार्तिक ११ मा भारतबाट प्रवेश गर्ने सम्भावना रहेको र हालसम्मको मौसम विश्लेषण अनुसार उक्त प्रणालीको प्रभाव कार्तिक १२ गते विहिबार रातिबाट सुरु हुने देखिन्छ । विषेशगरी आगामी कार्तिक १३ गते शुक्रवार र कार्तिक १४ गते शनिवार कोशी, बागमती, मधेश, गण्डकी र लुम्बिनी प्रदेश बढी प्रभावित हुने एवं यी प्रदेशका धेरै स्थानमा चटयाङ, हावाहुरी सहित मध्यसम्मको र थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको छ । यी प्रदेशका उच्च पहाडी तथा हिमाली क्षेत्रहरुमा भारी हिमपात, हिमआँधी तथा हिम पहिरोको उच्च जोखिम पनि रहेको छ ।

तसर्थ, यस दोलखा जिल्लामा पनि उक्त प्रभाव स्वत पर्ने देखिएकोले संभावित जोखिम न्यूनिकरणका लागि कार्तिक १२, १३ र १४ गते उच्च सतर्कता अपनाउनुहुन र पूर्व तयारीका लागि निम्न कार्य गर्नु, गराउनुहुन सम्बन्धित सबैमा यो सूचना मार्फत जानकारीको लागि अनुरोध छ ।

- धानबाली काट्ने, भित्र्याउने लगायतका कृषि कार्य कार्तिक १२ गते विहिबार अगाडी नै गर्ने, गराउने।
- पर्यटकहरु उच्च पहाडी र हिमाली क्षेत्रमा नजाने, गइसकेको भए उक्त अवधिभर सुरक्षित ठाउँमा रहने।
- आवश्यक परेमा सवारी आवागमन बन्द गर्ने, गराउने । सवारी आवागमन बन्द गर्नु पूर्व सोको जानकारी सर्व साधारणसम्म पुऱ्याउने व्यवस्था मिलाउने ।
- सडक तथा हवाई यातायात लगायत दैनिक जनजीवन प्रभावित हुन सक्ने भएकाले आवश्यक सतर्कता अपनाउने । सो अवधिभर अत्यावश्यक नपरि यात्रा नगर्ने, नगराउने ।
- सबै स्थानीय तह, सुरक्षा निकाय, स्वयंसेवक लगायत सरोकारवाला सबै कार्यालय/निकायले आम सर्वसाधारणलाई जोखिम बारे सुसूचित गर्ने । प्रतिकार्यका लागि तयारी अवस्थामा रहने र जोखिम युक्त स्थानमा बसोबास गर्ने व्यक्ति घर परिवारलाई विपद् प्रतिकार्य गर्नुपूर्व नै सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने ।
- राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल मौसम विज्ञान विज्ञान विभाग लगायतका सम्बन्धित आधिकारीक निकायबाट जारी हुने अद्यावधिक पूर्वानुमान/पूर्वसूचना/चेतावनी पालना गर्ने, गराउने ।
- मौसम सम्बन्धी जानकारीका लागि ११५५, विपदमा मद्धत माग्न १२३४ वा १०० वा १११४ मा र दोलखा स्थित जिल्ला प्रशासन कार्यालय ९८५१३२२३३३, जिल्ला प्रहरी कार्यालय ९८५४०९१८४ मा सम्पर्क गर्ने ।

०८२।७।१०
सुरेश पोखेल
सहायक प्रमुख जिल्ला अधिकारी